# नागरिकता विधेयक बारे भेटघाट कार्यक्रम सम्बन्धी संक्षिप्त प्रतिवेदन

## पृष्ठभूमी:

गैरआवासीय नेपाली संघले आफ्नो स्थापना काल देखी नै "एक पटकको नेपाली सधैको नेपाली" भन्ने मूलमन्त्रलाई स्थापित गर्न पहल गर्दै विभिन्न गतिविधिहरू संचालन गर्दै आएको छ । गैरआवासीय नेपाली नागरिकताको प्रावधानले नेपाल बाहिर रहेका सम्पूर्ण नेपालीहरूका सामाजिक, आर्थिक तथा संस्कृतिक अधिकारलाई सुनिश्चित गर्ने र नेपाललाई समृद्ध बनाउने आधार तयार हुने अपेक्षा राखेको छ । त्यसै कारण, संघले गैरआवासीय नेपाली नागरिकताको विषयलाई आफ्नो मूल मुद्दामा राखेर विभिन्न चरणमा नेपाल सरकार, विभिन्न राजनैतिकदलहरू, कानुन विदहरू र सम्बन्धित सबै पक्ष संग पैरवी गर्दै आएको छ ।

जसको परिणाम स्वरूप नेपालको संविधान २०७२ ले सामाजिक, आर्थिक, साँस्कृतिक अधिकार सहीतको गैरआवासीय नेपालीलाई नागरिकता दिने व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई मुर्त रूप दिनको लागि पनि बिगत ७ वर्ष देखि सबै सरोकारवालाहरूसंग छलफल तथा बैठक भइरहेको छ । सन् २०१८ अगष्ट ८ तारिखका दिन संसदमा नेपाली नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक तत्कालिन सरकारले दर्ता गराएको बेला पनि संघले लिखित सुझाव दिएको थियो । त्यस विधेयकलाई हालको सरकारले फिर्ता गरि अर्को विधेयक दर्ता गराउँदा संविधान बमोजिम नै गैरआवासीय नेपाली नागरिकताको प्रावधानलाई कायम राखेकोमा गैरआवासीय नेपाली संघ, नेपाल सरकार तथा सम्बद्ध सबैमा कृतज्ञता व्यक्त गर्दछ । यसै क्रममा गैरआवासीय नेपाली संघका पदाधिकारीहरूले नेपाल सरकार तथा राजनैतिक दलहरूका प्रमुखहरूसंग भेट गरेका छन् ।

## सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवा र एनआरएनए प्रतिनिधिबीच भेटघाट



१३ जुलाई २०२२ का दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष कुल आचार्य र अध्यक्ष डा बद्रि केसीको नेतृत्वमा संघका पदाधिकारीहरूले प्रधानमन्त्री शेरबहादुर देउवासंग भेटघाट गरेको थियो । प्रधानमन्त्री निवास बालुवाटार मा भएको भेटमा प्रधानमन्त्री देउवाले गैरआवासीय नेपाली संघको माग पनि समेटेर सरकारले नागरिकता विधेयक अगाडि बढाएको बताउनुभयो ।

संविधानमा गैरआवासीय नेपाली नागरिकताको लागि भएको व्यवस्था अनुसार नै विधेयक पारित हुनेमा प्रधानमन्त्री देउवाले आश्वस्त गराउनुभयो ।

उक्त अवसरमा संघको संस्थापक अध्यक्ष डा उपेन्द्र महतो तथा पदाधिकारीहरूले यो विधेयक ल्याउन सरकारले चालेको सकारात्मक कदमको लागि धन्यवाद प्रकट गर्नुभयो ।

## नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यूसंग भेटघाट

१२ जुलाई २०२२ को दिन गैरआवासीय नेपाली संघका पदाधिकारीहरूले पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष माननीय केपी शर्मा ओलीज्यूसंग उहाँको निवास बालकोट, भक्तपुरमा गई भेटघाट गर्यो । संघका पदाधिकारीहरूले सरकारले प्रतिनिधि सभामा पेश गर्न लागेको नागरिकता विधेयक बारे छलफल गरेका थिए । उक्त अवसरमा संघका कार्यकारी अध्यक्ष कुल आचार्य, अध्यक्ष डा बद्रि केसी, संस्थापक अध्यक्ष डा उपेन्द्र महतो लगायतका पदाधिकारीहरूले यो विधेयक ल्याउनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएकोमा पार्टीका अध्यक्षज्यू लगायत नेकपा एमाले प्रति हार्दिक धन्यवाद प्रकट गर्नु भयो । उहाँहरूले यो विधेयक अन्तिम चरणमा आइसकेकोले यसलाई गैरआवासीय नेपालीहरूको भावना अनुरूप पारित गराउन पहल गरिदिनहुनको लागि हार्दिक आग्रह गर्नु भयो ।




पार्टिका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री ओलीले "एक पल्टको नेपाली, सधैका नेपाली " भन्ने तपाईहरूको पवित्र भावनालाई संविधानमा संस्थागत गर्न आफुले अहम भूमिका खेलेको अवगत गराउनु भयो । उहाँले विदेशमा बसेका सबै नेपालीले देशको समृद्धिमा सहयोग गरिरहेको बताउनु भयो । त्यसैले, पनि सम्पूर्ण गैरअवासीय नेपालीलाई जोडनको लागि नागरिकता विधेयक पास गर्न सहयोग गर्ने जानकारी गराउनुभयो । यस कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष तथा पुर्व मन्त्री माननीय विष्णु पौडेलको समेत उपस्थिति रहेको थियो ।

## नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पुर्व प्रधानमन्त्री माननीय माधव कुमार नेपालज्यूसंग भेटघाट

१२ जुलाई, २०२२ को दिन गैरआवासीय नेपाली संघको एक प्रतिनिधि मंडलले पूर्व प्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माननीय माधव कुमार नेपालसंग उहाँको निवास सहयोगीनगर, काठमाडौँमा गई भेटघाट गर्यो । प्रतिनिधि मंडलका पदाधिकारीहरूले सरकारले प्रतिनिधि सभामा पेश गर्न लागेको नागरिकता विधेयक बारे छलफल गरेका थिए । उक्त अवसरमा संघका पदाधिकारीहरूले यो विधेयक ल्याउनको लागि सहयोग गरेकोमा पार्टीका अध्यक्ष लगायत नेकपा (एकीकृत समाजवादी) प्रति हार्दिक धन्यवाद प्रकट गर्नभयो । संघले आफ्नो स्थापना काल देखि नै उठाएको मुद्दा पास हुने चरणमा रहेको ले नेकपा एकीकृत समाजवादीले यसलाई पार लगाउनको लागि अहम भूमिका खेल्ने संघका पदाधिकारीहरूले आफुहरूको अपेक्षा रहेको जानकारी गराउनुभयो ।



अध्यक्ष नेपालले संविधानमा गैरआवासीय नेपालीहरूको वृहत र हितलाई समेटेको र त्यसै अनुरूपनै विधेयक आएको आवगत गराउनु भयो । नागरिकता विधेयकलाई पारित गराउन आफ्नो पार्टीको पूर्ण सहयोग रहने जानकारी गराउनु भयो । यस कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का नेता सोम प्रसाद पाण्डेयको सहभागीता रहेको थियो ।

## कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय गोविन्द प्रसाद शर्मा (कोईराला) र गैरआवासीय नेपाली प्रतिनिधि मंडल बीच भेट



१२ जुलाई २०२२ को दिने गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष कुल आचार्य र अध्यक्ष डा बद्रि के. सी. को नेतृत्वमा संघको पदाधिकारीहरूले कानुन, न्याय तथा संसदीय मामिला मन्त्री माननीय गोविन्द प्रसाद शर्मा (कोईराला)ज्यूसंग भेट गर्नु भएको थियो ।

गैरआवासीय नेपाली संघका पदाधिकारीहरूले नेपाल सरकारले प्रतिनिधि सभामा पेश गर्न लागेको नागरिकता विधेयक बारे छलफल गरेका थिए ।

उक्त अवसरमा संघका पदाधिकारीहरूले यो विधेयक संसदमा दर्ता गराउन पहल गरि गैरआवासीय नेपालीहरू अधिकारलाई सुनिश्चित गर्न सहयोग गर्नु भएकोमा माननीय मन्त्रीज्यू प्रति हार्दिक धन्यवाद प्रकट गर्नुभयो ।

प्रतिक्रियामा माननीय शर्माले यस विधेयकले सम्पूर्ण गैरआवासीय नेपालीहरूलाई नेपाल संग जोड्न अहम भूमिका खेल्ने र आगामी दिनमा लगानीको बाटो सहज बनाउने आशा राखेको जानकारी गराउनु भयो । यसै परिवेशमा नागरिकता विधेयकलाई पास गराउन आफु र नेपाल सरकार प्रतिबद्ध रहेको आवगत गराउनुभयो ।

## परराष्ट्र मन्त्री र गैरआवासीय नेपाली प्रतिनिधि मंडल बीच भेट

१३ जुलाई २०२२ का दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष कुल आचार्य र अध्यक्ष डा बद्रि के. सी. को नेतृत्वमा संघको एक प्रतिनिधि मंडलले परराष्ट्र मन्त्री डा नारायण खड्काज्यूसंग भेटघाट गरेको थियो ।

प्रतिनिधि मंडलका पदाधिकारीहरूले सरकारले प्रतिनिधि सभामा पेश गर्न लागेको नागरिकता विधेयक बारे छलफल गरेका थिए । प्रतिनिधि मंडलका पदाधिकारीहरूले यो विधेयक ल्याउनको लागि उल्लेखनिय भूमिका निर्वाह गर्नु भएकोमा माननीय मन्त्रीज्यू प्रति हार्दिक धन्यवाद प्रकट गर्नु भयो । उहाँहरूले यो विधेयक अन्तिम चरणमा आइसकेको ले यसलाई पारित गर्नको लागि पहल गरिदनु हुन आग्रह गरेका थिए ।

माननीय मन्त्री खड्काले नेपाल सरकारले गैरआवासीय नेपालीहरूलाई विशेष प्राथमिकतामा राखेकोले गैरआवासीय नेपाली नागरिकताको प्रावधान नेपालको संविधान २०७२ मा गरेको र सोहि अनुरूप नागरिकता एन २०६३ लाई संसोधन गर्न विधयेक संसदमा पेश हुने र पास गर्ने योजना रहेको जानकारी गराउनु भयो ।



## मुख्य सचिव र गैरआवासीय नेपाली संघका अध्यक्षहरु बीच छलफल:

१३ जुलाई २०२२ का दिन नेपाल सरकारका मुख्य सचिव शंकर दास बैरागी र गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष कुल आचार्य र अध्यक्ष डा बद्रि के. सी. बीच भेटवार्ता सम्पन्न भयो । उहाँहरूले सरकारले प्रतिनिधि सभामा पेश गर्न लागेको नागरिकता विधेयक बारे छलफल गरेका थिए । यो विधेयक ल्याउनको लागि मुख्य सचिवज्युले खेलेको भूमिकालाई सम्मान गर्दै संघका पदाधिकारीहरूले छिटै नै पास गराउने वातारण निर्माण गर्न हार्दिक अनुरोध गर्नु भएको थियो ।

परराष्ट्र सचिव हुदाँ पनि विभिन्न समयमा गैरआवासीय नेपाली नागरकिताको बारेमा छलफल गरेको र सो विषयमा आफ्नो पनि चासो रहेको बताउदै मुख्य सचिव बैरागीले संसदबाट गैरआवासीय नेपाली नागरिकता विधेयक पास हुने सम्भावना उच्च रहेको जानकारी गराउनु भयो ।



## निष्कर्ष:

गैरआवासीय संघको पदाधिकारीहरूले सम्माननीय प्रधानमन्त्रीज्यू, विभिन्न राजनैतिक दलका शिर्ष नेताहरू, नेपाल सरकार र सरोकारवालाहरू सबै पक्ष संग भेटगरी गैरआवासीय नेपाली नागरिकता बारे व्यापक छलफल गर्यो । भेटघाटमा सम्माननीय प्रधानमन्त्रीज्यू तथा विभिन्न राजनैतिक दलका शिर्ष नेताहरूले गैरआवासीय नेपालीहरूको भावना अनुरूपम नै विधेयक पारित हुने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भई प्रतिनिधिसभामा पेश गर्न तयार भएको नागरिकता विधेयकलाई नेपाल सरकारले फिर्ता लिई त्यसमा आवश्यक संशोधन गरी मिति १३ जुलाई २०२२ का दिन माननीय गृह मन्त्री बालकृष्ण खाँडले प्रतिनिधि सभामा उक्त विधेयक छलफलका लागि पेश गर्नु भएको छ । यस विधेयक माथि दफाबार छलफल भई गैरआवासीय नेपाली नागरिकता विधेयक पारित हुने निष्कर्ष रहेको छ ।

## उपलब्धि:

प्रतिनिधि सभाबाट नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक (संसदमा दर्ता भएको विधिक हेर्न यहाँ थिच्नु होस) सन् २२ जुलाई २०२२ शुक्रबारका दिन बहुमतले पास भएको छ र आगामी दिनमा राष्ट्रिय सभाबाट पास भई ऐन बन्ने सुनिश्चित भएको छ ।